जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ६१ • २०८३ साल साउन ४ गते सोमबार (20 July, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–

## जोखिम बढे कोशी ब्यारेजका ढोका खोलिने

**टुडे समाचारदाता**

जनकपुरधाम। देशको विभिन्न स्थानमा भारीदेखि अतिभारी वर्षाको पूर्वानुमान गरेसँगै बाढी, पहिरो र डुबानको जोखिम भन्दै सचेत रहन जल तथा मौसम विज्ञान विभागले आग्रह गरेको छ। यससंगै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारीलाई तीव्र बनाएको छ।

प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नदीमा पानीको बहाव बढेर बाढी जोखिमको अवस्था आएमा आज कोशी ब्यारेजका ढोका क्रमशः खोलिने जानकारी दिए। जल तथा मौसम विज्ञान विभागका बाढीविद् बिनोद पराजुलीले जलप्रवाहको निरन्तर निगरानी भएको र २१ जिल्लामा बाढीको मध्यम जोखिम रहेको बताए।

प्राधिकरणले सुरक्षा निकायसंग समन्वय गरी उद्धार तथा प्रतिकार्यका लागि आवश्यक तयारी थालको छ। स्थानीय तह, सुरक्षा निकाय र सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउन तथा नदी किनार र पहिरोको जोखिम रहेका क्षेत्रमा विशेष सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ।

### नयाँ पार्टीको घोषणा तयारी

# कांग्रेस संस्थापन पक्ष–इतर पक्षबीच संवादविहीनताले दूरी बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसभित्र लामो समयदेखि जारी शक्ति संघर्ष निर्णायक मोडतर्फ उन्मुख भएको छ। कांग्रेस संस्थापन पक्ष र संस्थापन इतर पक्षबीच लामो समयदेखि संवाद नहुँदा नयाँ पार्टीको आन्तरिक तयारीमा जोडतोडका साथ अघि बढेको बताइन्छ। छिट्टै नै नयाँ पार्टी घोषणा गरिने भएको जनाइएको छ।


यस क्रममा संस्थापन इतर पक्षले साउन अन्तिमतिर राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरी भावी राजनीतिक रणनीति तय गर्ने तयारी थालेको बताइएको छ।

इतर पक्षका नेताहरूले पछिल्ला छलफलमा वर्तमान नेतृत्वसंग सहकार्यको सम्भावना अत्यन्त न्यून रहेको निष्कर्ष निकालेका छन्। उनीहरूले जनाए अनुसार अब कुनै असाधारण राजनीतिक पहल नभएसम्म पार्टीभित्रको विवाद समाधान हुने अवस्था देखिएको छैन। यही निष्कर्षका आधारमा राष्ट्रिय कार्यकर्ता भेला आयोजना गर्ने निर्णय भएको र उक्त भेलाले भावी राजनीतिक दिशा तय गर्ने अपेक्षा गरिएको छ।

इतर पक्षबाट निवर्तमान सभापति शेरबहादुर देउवा, निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता शेखर कोइराला, पूर्वउपसभापतिहरू विमलेन्द्र निधि र विजयकुमार गच्छदार, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह र डा. शशांक कोइराला, पूर्वसहमहामन्त्रीहरू डा. प्रकाशशरण महत, बद्री पाण्डे, उमाकान्त चौधरी, महालक्ष्मी उपाध्यायलगायत नेताहरु गृहकार्यमा जुटेका छन्।

पार्टीभित्र बढ्दो ध्रुवीकरणबीच इतर पक्षले ६ साउनमा जननायक बीपी कोइरालाको स्मृति दिवस देशव्यापी रूपमा छुट्टै मनाउने घोषणा यस अघि नै गरिसकेको छ। सोही अवसरमा राष्ट्रिय कार्यकर्ता भेलाको मिति सार्वजनिक गर्ने तयारी पनि गरिएको छ। सो भेलाले नेतृत्व, राजनीतिक कार्यदिशा, संगठनात्मक संरचना र आगामी रणनीतिबारे निर्णय गर्ने नेताहरू बताउँदै आएका छन्।

इतर पक्षका केही नेताहरूले राष्ट्रिय भेलाबाट छुट्टै महाधिवेशन



वा नयाँ राजनीतिक संरचनातर्फ अघि बढ्ने सम्भावनासमेत खुला राखिएको बताएका छन्। उनीहरूले लामो समयसम्म एकताका लागि लचकता देखाउँदा पनि संस्थापन पक्षबाट कुनै ठोस पहल नभएकाले अब नयाँ विकल्पबारे निर्णय गर्नुपर्ने अवस्था आएको दाबी गरेका छन्।

यता संस्थापन पक्ष भने पूर्वनिर्धारित कार्यतालिका अनुसार १५औँ महाधिवेशनको तयारीमा केन्द्रित छ। असोज १६ देखि १९ सम्म महाधिवेशन गर्ने निर्णय गरिसकेको नेतृत्वले सदस्यता अद्यावधिक तथा वडा अधिवेशनका कार्यक्रमलाई अघि बढाइरहेको छ। संस्थापन पक्षले विधान अनुसार सदस्यता अद्यावधिक अनिवार्य रहेको अडान कायमै राखेको छ।

यही विषय अहिले दुई पक्षबीचको सबैभन्दा ठूलो विवाद बनेको छ। इतर पक्षले १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिलाई विनाशर्त समायोजन गर्नुपर्ने र यसअघि नै नवीकरण भइसकेको क्रियाशील सदस्यता पुनः अद्यावधिक गर्न नपर्ने माग गर्दै आएको छ। तर संस्थापनले विधानभन्दा बाहिर गएर कुनै निर्णय गर्न नसकिने स्पष्ट पारेको छ।

सभापति गगनकुमार थापाले देउवा र शेखर कोइराला समूहका केही नेतालाई केन्द्रीय सदस्यमा मनोनयन गरेपछि विवाद थप गहिरिएको छ। संस्थापन पक्षले यसलाई समन्वयको प्रयासका रूपमा व्याख्या गरे पनि इतर पक्षले यसबाट मूल समस्या समाधान नहुने प्रतिक्रिया दिएको छ।

संस्थापन पक्षका नेताहरू भने संवादका ढोका बन्द नभएको दाबी गर्दै आएका छन्। उनीहरूका अनुसार विधान अनुसार सम्भव हुने सबै विषयमा छलफल गर्न सकिने भए पनि पार्टीको विधान विपरीतका माग स्वीकार गर्न नसकिने स्पष्ट अडान रहेको छ। नेतृत्वले एकता चाहने हो भने अझै पनि सहमतिको आधार खोज्न सकिनेसमेत बताउँदै आएका छन्।

तथापि व्यवहारमा भने दुई पक्षबीच लामो समयदेखि औपचारिक रुपमा संवाद हुन सकेको छैन। केही समय अघि इतर पक्षले पार्टी एकताका लागि विभिन्न प्रस्ताव पठाए पनि त्यसबारे औपचारिक निर्णय वा जवाफ नआएको गुनासो उनीहरूको छ। यसले अविश्वासको दूरी झन् बढाएको नेताहरू बताउँछन्।

यसैबीच नेता डा. शेखर कोइराला भने सार्वजनिक रूपमा कुनै पक्षमा उभिनुभन्दा पनि परिस्थिति नियाल्ने रणनीतिमा देखिएका छन्। उनीनिकट नेताहरूले जनाए अनुसार पार्टी एकताको पक्षमा रहे पनि नेतृत्वबाट आवश्यक पहल नभए विभाजन रोक्न कठिन हुने उनको बुझाइ छ। पार्टी विभाजन भए आफू कुनै सक्रिय ध्रुवीकरणमा नलाग्ने संकेत उनले निकटस्थहरूमाझ दिन थालेका छन्।

साउन ६ गते पर्ने बीपी स्मृति दिवसले पनि कांग्रेसभित्रको विभाजनलाई थप स्पष्ट बनाउने देखिएको छ। संस्थापन पक्षले देशभर 'जरा अभियान' समापन कार्यक्रम गर्ने तयारी गरेको छ भने इतर पक्षले १६५ निर्वाचन क्षेत्रमा समानान्तर कार्यक्रम आयोजना गर्ने घोषणा गरेको छ।

काठमाण्डुस्थित प्रज्ञा प्रतिष्ठानमा हुने कार्यक्रममा ठूलो संख्यामा युवा कार्यकर्ता सहभागी गराएर शक्ति प्रदर्शन गर्ने तयारी पनि इतर पक्षले थालेको स्रोतहरूको भनाइ छ।

शनिबार देउवा पक्षको बसेको बैठकमा तीन विषयमा छलफल भएको नेता मीनबहादुर विश्वकर्माले बताए।

उनका अनुसार बिपी स्मृति दिवसको तयारी, पार्टी एकताको लागि गठित समिति र सुदृढीकरणबारे र आगामी रणनीतिबारे छलफल भएको थियो। पार्टी एकताको सम्भावना सकिएको निष्कर्षसहित राष्ट्रिय भेला बोलाउने बैठकले निर्णय गरेको बताए। साउन २४ देखि २९ को बीचमा भेला राख्ने तयारी भएको जानकारी गराए।

# तीन ठूला उद्योगलाई जरिवाना

**टुडे समाचारदाता**

बारा। बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले पथलैया-वीरगञ्ज औद्योगिक करिडोरका ३ ठूला उद्योगलाई १० लाख रुपैयाँ जरिवाना गरेको छ।

जीतपुरसिमरा उपमहानगरले हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडलाई ५ लाख रुपैयाँ, गणपति तेल उद्योगलाई २ लाख ५० हजार रुपैयाँ र नन्दन घ्यू तथा आयल इन्डस्ट्रिज प्रालिलाई २ लाख ५० हजार रुपैयाँका दरले जरिवाना गरेको छ।

जीतपुरसिमरा वडा नं १ र ३ मा रहेका यी उद्योगहरूबाट निस्किएको औद्योगिक फोहोर, तेलजन्य पदार्थ तथा लेदो सार्वजनिक सडक र आसपासका क्षेत्रमा फैलिएको, फोहोर पानीको उचित व्यवस्थापन नगरिएको, कार्यस्थलमा सुरक्षा मापदण्ड पालना नभएको र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनअनुसार काम नगरेको पाइएपछि जरिवाना गर्ने निर्णय गरिएको छ।




औद्योगिक प्रदूषण व्यवस्थापनका लागि पालिकाले यसअघि पनि पटक पटक उद्योगहरूलाई पत्राचार गर्दै स्पष्टीकरण सोधे पनि चित्तबुझ्दो जवाफ नआएपछि जरिवाना तिराउनुपरेको वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख इन्जिनियर पुष्पा सिंहले जानकारी दिइन्।

उपमहानगरले ७ दिनको समयसीमा तोकेर असार २९ गते ती उद्योगहरूलाई पत्राचार गरेको छ। जरिवानासंगै पालिकाले आगामी दिनमा उद्योगबाट निस्किने फोहोर पानी, तेलजन्य पदार्थ, धुलो, ध्वनि र अन्य प्रदूषण नियन्त्रण गर्न निर्देशन दिएको छ।

स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न, औद्योगिक फोहोर तथा लेदो पानीको वैज्ञानिक व्यवस्थापन गर्न र सुधार गरिएका कार्यको प्रमाणसहित प्रतिवेदन पेस गर्न पत्रमा उल्लेख गरिएको छ। उपमहानगरले तोकिएको जरिवाना दाखिला नगरेमा वा आवश्यक सुधारात्मक कार्यहरू कार्यान्वयन नगरेमा वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानुन बमोजिम थप कारबाही अगाडि बढाउने चेतावनी दिएको छ।

पछिल्लो समय वर्षासंगै हुलास स्टिल उद्योगले फ्याँकेको रसायनयुक्त लेदो पानी ६ लेन सडकको नालामा मिसाउँदा आवतजावतमा समेत समस्या देखिएको छ। यता गणपति र नन्दन तेल उद्योगले भने तेलजन्य लेदो र फोहोर पानी सिधै खोलामा मिसाउँदा कृषि सिँचाइमा समस्या भएको स्थानीयको गुनासो छ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ५ का स्थानीय बासिन्दा रामकृति सहनीले उद्योगको लेदो पानी सिधै खोलामा मिसाउँदा खेती गर्न समस्या भएको बताए।

हुलास स्टिलका प्रशासकीय अधिकृत रबिन बरालले पालिकाले कुन आधारमा जरिवाना तोकेको हो भन्ने विषयमा चित्तबुझ्दो जवाफ नआएसम्म रकम नबुझाउने बताए।

यता गणपति वनस्पति उद्योगका प्रशासकीय अधिकृत दिनेशचन्द्र गिरीले प्रदूषित पानी प्रशोधनका लागि मेसिन सञ्चालनमा आइसकेको अवस्थामा सामाजिक सञ्जालमा देखिएका तस्बिरका भरमा उपमहानगरले कारबाहीको निर्णय गरेको बताए।

# प्रेमिकासंग विवाह गर्न टावरमा चढे प्रेमी

**टुडे समाचारदाता**

मलंगवा। प्रेमिकासंग विवाह गर्न नपाएको झोँकमा एक प्रेमीले टावरमा चढेर विवाह गराइ दिनका लागि माग गरेका छन्।

आफूले इच्छाइएको केटीसंग विवाह गर्न नपाएको भन्दै टेलिकमको ८० मिटर अग्लो टावरमा चढेर परिवारका सदस्यलाई अत्याएका सर्लाहीका युवकलाई प्रहरीले अस्पताल लगेको छ।

आइतबार बिहान मलंगवास्थित नेपाल टेलिकमको टावरमा चढेका युवकलाई परिवार सदस्य र सुरक्षाकर्मीको समन्वयमा सकुशल उद्धार गरेर अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

गोडैता नगरपालिका-९ स्थित बकैनियाका २४ वर्षीय अफसर आलम हुसेनलाई फकाइफुल्याई टावरबाट तल झारेर प्रहरीको गाडीमा प्रादेशिक अस्पताल मलंगवा लगिएको प्रहरी निरीक्षक गणेश पाण्डेले जाकारी दिए।

'आफूसंगै पढ्ने एउटी यवतीसंग विवाह गर्न नपाएको विरोधमा उनी टावरमा चढेका रहेछन्,' इन्सपेक्टर पाण्डेले अघि थप्दैं भने, 'अभिभावकले



ती युवतीसँग विवाहको अनुमति नदिएपछि दबाब सिर्जना गर्न आइतबार बिहान उज्यालो नहुँदै उनी टावरमा चढेका रहेछन्। परिवारका सदस्य र हामीले अहिलेलाई फकाइफुल्याइ गरेर उनलाई टावरबाट तल झारेका अस्पताल पठाएका छौं।'

हुसेन सर्लाही क्याम्पस मलंगवामा स्नातक तह अध्ययनरत छन्। टावरको माथि पुगेपछि उनले आफ्ना एक साथीलाई फोन गरी आफू टावर माथि रहेको जानकारी दिएका थिए। त्यसपछि घटनाबारे सुरक्षा निकायलाई खबर पुगेको इन्सपेक्टर पाण्डेले बताए।

टेलिफोनमा हुसेनले आफ्नी प्रेमिकालाई आफू भएको ठाउँमा बोलाइदिनुपर्ने र उनीसँग विवाह गर्न अभिभावकले अनुमति दिनुपर्ने माग गरेका थिए। यदि आफ्नाप्रति वेवास्ता गरिए टावरबाटै हामफाल्ने चेतावनीसमेत उनले दिएका थिए।


त्यसपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त टोली उनको उद्धारका लागि टावरको तल पुगेको थियो।

तल झर्न आग्रह गर्दा नमानेपछि प्रहरीले उनका बुवा र दाजुलाई घटनास्थलमा बोलाएको थियो। त्यसपछि टेलिफोनमार्फत संवाद गराइएपछि उनले अभिभावकसंग कुरा गरेका थिए।

बुवा र दाजुले माग पूरा गराइदिने आश्वासन दिएपछि उनी सुरक्षित रूपमा टावरबाट तल ओर्लिएका प्रहरीले जनाएको छ।

उद्धारपछि उनलाई प्रहरीले अस्पताल भर्ना गराइएको छ भने सो घटनाबारे थप अनुसन्धान अघि बढाएको सर्लाही प्रहरीले जनाएको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जेलमा पनि घुस असुली

मधेश प्रदेशको सप्तरी जिल्लाको कारागारमा घुस असुली हुन थालेको घटना सार्वजनिक भएको छ ।विभिन्न अपराधमा सजाय काटिरहेका कैदी, बन्दीहरुसित पनि घुस लिन थालिएको छ ।कारागारका जेलर रुपक मण्डलले कैदीहरुसित घुस लिने गरेको आरोप लागेको छ ।कैदीलाई आमनागरिकले समान्यतया हेलाको कृष्टिले हेर्छन ।अपराध गरेको अभियोगमा अदालतमा रहने कैदी, बन्दीहरुलाई सुध्रिने अवसर प्रदान गरिनु पर्छ ।कैदी बन्दीहरुको मानसिक अवस्थामा समेत सुधार हुने वातावरण बनाइनु पर्छ ।कैदीहरुका लागि खास गरी जेलरले सद्भाव कायम राख्ने र एकअर्काप्रति विश्वास बढाउने काम गर्नु पर्छ ।जेल भनेको यातना दिने थलो होइन् ।जेलमा रहेकाहरुको आत्मबल बढाउन विभिन्न उपायहरु गर्न आवश्यक छ ।जेलमा यातना दिएर अवैध असुली गर्ने जेलर लगायतका कर्मचारीहरुलाई सजाय हुनु पर्छ ।कारागारमा चौकीदार राख्ने विषयमा जेलरले कयौं कैदीबन्दीहरुसित अवैध रकम लिएको आरोप छ । तर उनले कसैलाई पनि चौकीदार बनाएको छैन् ।त्यसले जेलमा कैदीहरुमा असन्तुष्टि बढ्दै गयो ।त्यसकै परिणामले जेलमा विरोध सुरु भयो ।जेलरले त्यसलाई दबाउने प्रयास गरे ।तर कयौं कैदीबन्दीहरु ठगिएको कारण असन्तोष बढ्दै गएर भित्र हडताल नै भयो ।जेलमा हडताल हुनु सामान्य होइन् ।जेलमा पूर्ण अनुशासन हुनु पर्छ ।जेलमा कैदीबन्दीहरुको आचरणमा सुधारको समेत अपेक्षा गरिएको हुन्छ ।त्यसका लागि जेलर लगायतका प्रशासनिक निकायहरुबाट समेत सद्भावपूर्ण वातावरण बनाइन्छ ।कैदीबन्दीहरुलाई अनेक सुविधा पनि दिन थालिएको छ ।त्यसले विगतको भन्दा अहिले कारागारको अवस्थामा निकै सुधार भएको छ ।जेल प्रशासनले कैदीहरुको आचरणको समेत मूल्यांकन गर्छन् ।तर बेलाबखत जेलरहरुको कारण पनि कारागार चर्चामा आउने गरेको छ ।कतिपय बेला कैदीहरुको शोषण जेलरले गरेको आरोप लाग्ने गर्छ ।कहिले कैदीबन्दीहरुसित मिलेमतो गरी जेलमा अवैध हतियार र अन्य प्रतिबन्धित सामानहरु पुऱ्याउने चाँजोपाँजो मिलाएर जेलरले कमाउने गर्छन् ।त्यस्तो अवस्थामा जेलमा हडताल हुने, भैभगडा हुने जस्ता घटनाहरु हुने गर्छ ।त्यसमा जेलरको प्रत्यक्ष संलग्नता रहेको हाल सम्मको घटनामा देखिएको छ ।कतिपय बेला जेलबाट नै अपराधिक घटनाहरु गराउने काम समेत हुन्छ ।त्यसमा पनि जेलरको संलग्नता रहने गर्छ ।जेलमा रहेका कुख्यात अपराधीहरुसित मिलेमतो गरी जेलरले उनीहरुलाई थप अपराध गर्ने वातावरण बनाइ दिने गरेको आरोप समेत लाग्ने गरेको छ । गत वर्ष सिरहा जिल्ला कारागारमा त्यस्तो घटना सार्वजनिक भएको थियो ।जेललाई सुधार गर्न कैदीको सरुवा मात्र समाधान होइन् ।जेलरलाई समेत कारबाही गर्नु पर्छ ।जेलरको सहमति बेगर कारागारमा अपराधिक क्रियाकलाप हुन प्रायःअसम्भव नै छ ।कैदीबन्दीहरुलाई सुध्रिने वातावरण बनाइनु पर्छ ।उनीहरुलाई फेरि अपराधिक क्रियाकलापमा फर्कने कुनै प्रकारको गतिविधि हुन दिनु हुँदैन् ।

# बैंक खाता अरूलाई प्रयोग गर्न दिंदा के हुन्छ ?



द्वारिका घिमिरे

रुकुमकी १९ वर्षीया रसिता (नाम परिवर्तन) को मोबाइल स्क्रिनमा एक दिन एउटा विज्ञापन झुल्कियो- 'जब ट्र्याकरः घरमै बसीबसी मासिक १५ हजारदेखि २५ हजारसम्म कमाउने सुनौलो अवसर !' कलेज पढ्दै गरेकी रसिताका लागि यो अफर सपना जस्तै थियो । घरको आर्थिक भार थोरै भए पनि हलुका हुने आशामा उनले विज्ञापनमा दिएको म्यासेन्जरमा सम्पर्क गरिन् ।

वार्तालाप निकै शिष्ट र व्यावसायिक थियो । सम्पर्कमा रहेका व्यक्तिले उनलाई सजिलै विश्वासमा पारे । काम सुरु गर्न भन्दै उनीहरूले समीक्षाको नागरिकता, शैक्षिक प्रमाणपत्र र बैंक खाताको विवरण अनलाइन अपलोड गर्न लगाए । यति मात्र होइन, 'कम्पनीको नीति' भन्दै उनीहरूले रसिताको एटीएम कार्ड एउटा गोप्य ठेगानामा कुरियर गर्न लगाए र मोबाइल बैंकिङको पासवर्ड समेत लिए ।

'तपाईंको एकाउन्टमा विभिन्न ठाउँबाट पैसा आउँछ, त्यो हाम्रो व्यापारको पैसा हो । त्यो लिने र भुक्तानी दिने हामी मिलाउँछौं ।' ठगहरूले रसितालाई भनेका थिए, 'तपाईँलाई मासिक तलब सिधै तपाईंको खातामा आउँछ । तलबको पैसा चाहिए चेकबाट निकाल्नु, अन्य कारोबार नचलाउनु र यो कामको बारेमा कसैलाई केही नभनेकै राम्रो ।'

सुरुका १-२ महिना रसिताको जीवन सोचेजस्तै चल्यो । बैक खातामा पैसा जम्मा हुने निक्लिने ट्रान्सफर हुने मोबाइलमा म्यासेज आउने भइरहेको थियो । खातामा महिना पुग्ने बित्तिकै 'तलब' पनि आयो । उनी खुसी थिइन् ।

तर यो त ठुलो समस्याको सुरुवात मात्र थियो ।

तेस्रो महिनाको सुरुमै रसिताको मोबाइलमा अपरिचित नम्बरहरूबाट फोन आउन थाल्यो । फोनमा रुँदै, कराउँदै गाली गर्दै भन्थे, 'हाम्रो पैसा चाहियो, नत्र प्रहरीमा उजुर गर्छौं' रसिता तिनछक परिन् । रसिताले थाहै नपाई ठगहरूले उनको बैंक खातालाई देशैभरिका मानिसहरूलाई अनलाइन ठगेर पैसा जम्मा गर्ने ' म्युल अकाउन्ट' बनाएका थिए ।

तनाव बढ्दै जाँदा एकदिन बैंकबाट एसएमएस आयो- 'तपाईंको खाता रोक्का गरिएको छ ।' लगत्तै प्रहरी कार्यालयबाट पनि फोन आयो । 'तपाईंको खातामा ठुलो रकमको डिजिटल ठगीको पैसा जम्मा गरेको उजुरी परेको छ, तुरुन्तै सम्पर्क गर्नु होला । नभए प्रहरी घरमै लिन आउँछ ।'

रसिताको नौ-नाडी गले, गोडा थर्थर काँपे । उनले हतार-हतार आफूलाई 'जागिर' दिने व्यक्तिहरूलाई म्यासेन्जरमा सम्पर्क गर्न खोजिन् । तर, सबै ब्लक भइसकेका थिए । टेलिग्राम र ह्वाट्सएपका च्याटहरू डिलिट भइसकेका थिए ।

यति हुँदासम्म उनले तिनीहरुलाई कहिल्यै भेटेकी थिइनन् । न त उनीहरूको वास्तविक नाम र ठेगाना थाहा थियो । अपराध गर्नेहरू डिजिटल संसारको कुहिरोमा हराई सकेका थिए ।

रसिता खास अपराधी होईनन्, तर कानुनको नजरमा उनी दोषी देखिन्छिन् । किनभने उनकै बैंक खाताबाट कारोबार भएको छ । उनकै फोन नम्बर प्रयोग गरिएको छ । सानो जागिर वा भनौं प्रलोभनमा परेर अपरिचित व्यक्तिलाई बैंकिङ विवरण सुम्पिँदा उनी बैंकिङ कसुर र ठगी मुद्दाको मुख्य 'सस्पेक्ट' बन्न पुगिन् ।'

'घरमै बसेर मोबाइल वा ल्यापटपबाट सामान्य काम गरी दैनिक हजारौं कमाउनु होस', 'घरमै बसेर मोबाइलबाटै दैनिक २-३ हजार कमाउनुहोस्' जस्ता म्यासेज वा विज्ञापन हिजो-आज फेसबुक, टिकटक र टेलिग्राम जस्ता सामाजिक सञ्जालहरूमा जताततै देखिन्छन् ।

रोजगारको खोजी वा सहजै पैसा कमाउने चाहनाका कारण धेरै मानिस यस्ता विज्ञापनको जालमा फसिरहेका छन् । यस्तो आकर्षक अफरका पछाडि ठुलो वित्तीय अपराध लुकेको हुन्छ । वैंकिङ ठगहरु सर्वप्रथम सर्वसाधारणलाई आफ्नो प्रलोभनमा पार्छन्, ठुलो रकमको आश देखाउँछन् र उनीहरूको बैंक खाता लिएर त्यसैबाट कारोबार गर्छन् ।

अनि केही अप्ठेरो पर्दा वास्तविक अपराधीहरू सजिलै उम्कन्छन् भने सोझा मानिस बैंकिङ कसुरमा पर्छन् ।

माथि उल्लेखित रसिताको कथा त्यस्तै सत्य कथाहरु मध्येको एक हो । ठगी गर्नेहरुले सोझा र बेरोजगार युवा-युवतीहरूलाई कसरी निसाना बनाउँछन् भन्ने यो प्रतिनिधि घटना हो । यसका लागि उनीहरूले डाटा इन्ट्री गर्ने, भिडियो लाइक गर्ने, वा सामान अर्डर गर्ने जस्ता सजिला काम दिने बहाना गर्छन् ।

काम लगाउनु अघि 'तपाईंको तलब पठाउन' भन्दै बैंक खाताको नम्बर, मोबाइल बैंकिङ्ग आईडी, पासवर्ड, र ओटिपी माग्छन् । कतिपय बेलामा त 'हाम्रो कम्पनीको धेरै कारोबार हुन्छ, तपाईंको खाता प्रयोग गर्न दिएबापत महिनाको निश्चित रकम दिन्छौं' भनी बैंक खाता नै खोल्न लगाई त्यसको प्रयोग उनीहरुले नै गर्छन् ।

### कसरी दुरूपयोग हुन्छ त खाता ?

कुनै व्यक्तिको बैंक खात हात पार्ना साथ उनीहरु त्यसको एटीएम र मोबाइल बैंकिङ्ग पनि हात पार्छन् । त्यसपछि उनीहरु त्यस्ता खातालाई आफ्नै खाता जसरी प्रयोग गर्छन् । त्यसपछि नेपालमा गैरकानुनी मानिएको क्रिप्टो व्यापार वा अनलाइन जुवा लगायतबाट आएको पैसाको कारोबार गर्न त्यही खाता प्रयोग गर्छन् ।

अन्य व्यक्तिहरूलाई चिठ्ठा परेको वा सामान डेलिभरी गर्ने बहानामा ठगी गरिएको रकम समेत यस्ता खातामा जम्मा गर्न लगाइन्छ । आपराधिक क्रियाकलापबाट जम्मा गरिएको पैसा यस्तै-यस्तै व्यक्तिको खातामा घुमाएर वैध देखाउने प्रयास हुन्छ ।

### यसबाट के असर पर्छ त ?

- बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अनुसार कारबाही हुन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ (ठगी सम्बन्धी कसूर) अनुसार कारबाही हुन्छ ।
- सम्पत्ति शुद्धीकरण (मनी लौण्डरिङ) निवारण ऐन, २०६४ अनुसार कारबाही हुन्छ ।
- प्रहरी हिरासत र थुनछेक हुन्छ ।
- बयान र अदालती झमेलामा परिन्छ ।
- अनुसन्धानका लागि धैरै ठाउँ धाउनुपर्ने हुन्छ ।




- कालो सूचीमा सूचीकृत भई समग्र करियरकै दुःखद अन्त्य हुन सक्छ ।

ठगी गर्ने व्यक्तिसँग आफ्नो कुनै साँठगाँठ, लेनदेन नभएको वा ठगी प्रक्रियामा आफू प्रत्यक्ष सहभागी नभए पनि ठगीका लागि आफ्नै बैंक खाता प्रयोग भएको हुनाले कानुनतः त्यसको जबाफदेहीता आफैले बेहोर्नुपर्ने हुन्छ । बैंकिङ कसुर, ठगी, सम्पत्ति शुद्धीकरण लगायतका विषयमा खातावाला विरुद्ध मुद्दा चल्न सक्छ ।

प्रहरी अनुसन्धानका लागि बैंक खाताहरू तुरुन्तै रोक्का गरिन सक्छ । अरू बैंकमा खाता खोल्न वा ऋण लिन नमिल्ने गरी कालोसूचीमा पर्न सकिन्छ । नगरेको अपराधमा पनि अनुसन्धानको घेरामा पर्नुपर्ने र अदालत धाउनुपर्ने हुँदा अनावश्यक हैरानीमा पर्नुका साथै सामाजिक प्रतिष्ठामा समेत असर पर्न सक्छ ।

### यसबाट जोगिन के गर्ने ?

सहजै पैसा कमाउने पासोबाट जोगिन र आफ्नो बैंक खाता सुरक्षित राख्न निम्न कुराहरूमा ध्यान दिनु अत्यन्त जरुरी छ ।

नचिनेको व्यक्तिलाई सरकारी कागजातहरू नदिनेः अपरिचित व्यक्ति, संस्था वा समूहलाई आफ्नो नागरिकता, राष्ट्रिय परिचयपत्र, प्यान नम्बर र पासपोर्टको सक्कल वा नक्कल प्रति तथा आफ्नो फोटो दिँदै नदिने । यदि कसैलाई दिनु परेमा त्यसको सत्यता परीक्षण गरेर मात्र दिने ।

सजिलै पैसा आउँछ भन्ने कुरामा विश्वास नगर्नेः कुनै काम नगरिईकन सजिलै पैसा कमाउन सकिन्छ भन्ने भ्रमबाट मुक्त हुने । कसैले पनि सजिलै पैसा कमाउन सजिलो छैन । यदि कसैले सजिलै पैसा कमाइन्छ भन्छ भने त्यसमा शङ्का गर्ने ।

संस्थाको आधिकारिकता परीक्षण गर्नेः कुनै पनि व्यक्ति वा संस्थाबाट कामको अफर आउँदा, संस्थाको आधारिकता जाँच गर्न पछि नपर्ने । स्थापित संस्था बाहेकको हकमा त्यस्तो कारोवारी संस्थाहरुको परीक्षण गरेर मात्र अघि बढ्ने ।

सुरुमै पैसा मागेमा सचेत हुनेः रोजगारी दिनुअघि नै सेक्युरिटी डिपोजिट, दर्ता शुल्क वा अन्य कुनै बहानामा पैसा माग्ने कम्पनीहरू अवैध हुने सम्भावना बढी हुन्छ, त्यसैले त्यस्ता कम्पनी वा संस्थाहरुको हकमा सचेत हुने ।

सामाजिक सञ्जालका स्पाम म्यासेजबाट जोगिनेः सामाजिक सञ्जालमा आइरहने म्यासेजहरू जस्तै 'तपाईँले उपहार जित्नु भयो', 'सजिलो अफर', 'सजिलो जागिर', 'घर बसीबसी कमाऊँ' भन्ने लिंकहरु नखोल्ने, त्यसमा दिइएका नम्बरहरूमा फोन नगर्ने ।

साथी-भाइ, आफन्तसँग कुरा गरौंः कुनै पनि विषयमा आफ्नो निकटको साथी, आफन्तीहरुसँग कुराकानी गर्न नभुलौं । यो बानीले तपाईँलाई ठगहरूको सञ्जालमा पुग्नु अगावै जोगाउन सक्छ । परिवारका सदस्यहरूलाई यस्तो बारेमा भन्दा कसै न कसैलाई यसबारे जानकारी भई यस्तो षडयन्त्रमा पर्ने सम्भावना न्यून हुन्छ ।

आफ्नो बैंकको खाता कसैलाई नदिनेः थोरै पैसाको प्रलोभनमा आफ्नो बैंक खाता, चेक, एटिएम र मोबाइल बैंकिङ्ग कसैलाई नदिने । यसका साथै बैंकबाट दिइने ओटिपी कसैलाई नदिने । यसका साथै आफ्नो चेक, एटीएम वा क्रेडिट कार्ड कहिल्यै कसैको ठेगानामा नपठाउने वा अरूलाई प्रयोग गर्न पनि नदिने ।


समय समयमा खाता जाँच गर्नेः आफ्नो खातामा के-के सुबिधा लिएको छ ?, ई-पेमेन्टको सुबिधा लिएको छ कि छैन ? आफ्नो बैक खाता अरू कसैले पो प्रयोग गरिरहेको छ कि भन्नेबारे निश्चिन्त हुन बैंकबाट बुझि राख्ने ।

नजान्नेले अनलाइन बैंकिङ्ग नगर्नेः डिजिटल सुरक्षाबारे तपाईँलाई राम्रोसँग थाहा छैन भने तपाईँले डिजिटल अनलाईन बैंकिङ्ग नगरेको राम्रो । कयौं पटक प्रयोगकर्ताहरूले १० हजार पठाउनु पर्नेमा एक लाख पठाइरहेको, एउटालाई दिन खोज्दा नम्बर गल्ती भएर अर्कैलाई पैसा गइरहेको तथा आफूलाई थाहा नभएका अनेकौं एप्सहरु चलाउँदा खाताबाट सबै पैसा चैट भएका उदाहरण पनि छन् । त्यसैले मोबाइल बैंकिङ्ग चलाउने हो भने आफ्नो डिजिटल सुरक्षाबारे पनि ख्याल राख्नुस् ।

शङ्कास्पद कारोबारको तत्काल जानकारी गराउनेः आफूले थाहा नपाई कहींबाट बैक खातामा रकम आउँछ वा पैसा काटिन्छ भने तत्काल आफ्नो बैकलाई जानकारी गराई खाता रोक्का गराउने ।

अनलाइनको प्रयोग बढेसँगै विभिन्न चुनौती पनि थपिएका छन् । त्यसैले डिजिटल सुरक्षाका विविध उपाय बारे पनि त्यति नै सचेत हुनुपर्छ । डिजिटल ठगीबाट जोगिने यो नै सबै भन्दा उपयुक्त विधि हो । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# सम्पत्ति साझा, सम्पदा एकल



वासुदेव बराल

कञ्चनजंघा हिमाल (८,५८६ मिटर) विश्वको तेस्रो अग्लो धरोहर हो । नेपाल र भारतको संयुक्त सिमानामा रहेको यो हिमाललाई तीनवटै देशले संयुक्त दाबी गर्छन् । तर, भारतले त्योभन्दा अघि बढेर यसलाई आफ्नो परिधिभित्र विश्व सम्पदामा सूचीकृत गराएको छ ।

कञ्चनजंघालाई भारतले विश्व सम्पदा सूचीमा सूचीकृत गराइरहँदा हामीले भने त्यसलाई नजरअन्दाज गरेका छौं । कञ्चनजंघालाई हामीले विश्व सम्पदा सूचीमा सूचीकृत गराउन प्रयास गरेका छैनौं ।

नेपालमा सगरमाथासहित १० वटा धरोहर विश्व सम्पदा सूचीमा सूचीकृत छन् । सातवटा ऐतिहासिक सम्पदा छन् भने लुम्बिनीलाई सांस्कृतिक सम्पदाका रूपमा सूचीकृत गरिएको छ । चितवन राष्ट्रिय निकुञ्ज प्राकृतिक सम्पदाका रूपमा सूचीकृत छ ।

सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूची (युनेस्को हेरिटेज)मा सूचीकृत कोशी प्रदेशको एक मात्र हेरिटेज हो । त्योबाहेक कोशी प्रदेशका अन्य कुनै पनि धरोहर युनेस्को हेरिटेजमा परेका छैनन् । तर, कोशी प्रदेशभित्रकै कञ्चनजंघा भने विश्व सम्पदामा सूचीकृत भए पनि त्यो नेपालको भनेर मान्न सकिँदैन ।

कञ्चनजंघा भारतको तर्फबाट मात्र विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । हिमालचाहिँ संयुक्त हुने, चुचुरो दुई देशको हुने तर विश्व सम्पदाचाहिँ एउटा देशको मात्र हुने अलि नमिल्दो देखिने रहेछ । कञ्चनजंघालाई अझ विश्वव्यापी प्रवर्द्धन गर्ने हो भने हामीले पनि त्यसलाई युनेस्को हेरिटेजमा सूचीकृत गराउन ढिला गर्नु हुँदैन । त्यसको पहल गर्नका लागि कोशी प्रदेश सरकार सक्रिय बन्नुपर्छ । भारतमा १७८४ वर्गकिलोमिटर क्षेत्रफल रहेको कञ्चनजंघा क्षेत्र नेपालमा भने त्योभन्दा बढी २०३५ वर्गकिलोमिटरमा फैलिएको छ ।

कञ्चनजंघालाई पहिले विश्वको सबैभन्दा अग्लो हिमाल मानिन्थ्यो । सन् १८५६ मा सगरमाथाको उचाइ ८८४८ मिटर भएको यकिन भएपछि कञ्चनजंघा तेस्रो हिमाल भएको हो । २५ मे १९५५ मा ब्रिटिस आरोहण दलले आरोहण गरेपछि यसले कञ्चनजंघाको विश्वव्यापी चर्चा बढाएको हो । तथापि, यसको चर्चा त्योभन्दा अगाडिदेखि नै धेरै थियो ।

तर, एभरेस्ट विश्वको सबैभन्दा अग्लो भन्ने प्रमाणित भएपछि कञ्चनजंघाको प्रचार मधुरो हुँदै गएको बुझ्न सकिन्छ । कञ्चनजंघालाई हामीले भन्दा बढी भारतले ब्रान्डिङ गरेर त्यसबाट प्रतिफल लिने प्रयास गरेको छ । किनभने भारतका लागि कञ्चनजंघा उसको सर्वोच्च शिखर हो । भारतमा कञ्चनजंघाभन्दा अग्लो कुनै हिमाल नभएकाले भारतले यसलाई निकै महत्त्वका साथ ब्रान्डिङ गरेको हो । हामीले पनि यसलाई त्यसैगरी संरक्षण प्रवर्द्धन गर्दै त्यसबाट प्रतिफल लिन आवश्यक छ ।

कञ्चनजङ्घालाई भारतले सन् २०१६ मा विश्व सम्पदा सूचीमा सूचीकृत गराएको हो । कञ्चनजंघा विश्व सम्पदा भने भारतको मात्र बनेको छ । भारतको प्रशासनिक भूमिभित्र पर्ने क्षेत्रलाई उसले विश्वको सम्पदामा सूचीकृत गराएको हो । चुचुरो दुई राष्ट्रको छ तर सम्पदा एक देशको सिमानाभित्र मात्र । यस्तो कार्यले कञ्चनजंघालाई पनि न्याय गर्दैन । कञ्चनजंघाको परिधिभित्र पर्ने नेपाल र भारतको भूमिभित्र प्रकृति, वातावरण, जनजीवन, संस्कार र संस्कृति सबैमा



एकरुपता छ । त्यो क्षेत्रमा राजनीतिक सिमानाबाहेक नेपाल र भारत भन्ने कुनै पनि फरक र विभेद छैन । तर, विश्वव्यापी संरक्षणको कुरा भारतको मात्र छ । कञ्चनजंघाप्रति यो न्याय भएको देखिएन । तसर्थ यसलाई दुवै देशले संयुक्त विश्व सम्पदामा सूचीकृत गराउन पहल र प्रयास गर्नुपर्छ ।

भारतले त यसलाई पहिलो मिश्रित सम्पदामा सूचीकृत गराएको हो । उसले कञ्चनजंघालाई प्राकृतिक र सांस्कृतिक महत्त्व बोकेको भनेर विश्व सम्पदामा सूचीकृत गराएको हो । नेपालले पनि यसलाई मिश्रित र दुई देशीय सम्पदामा सूचीकृत गराउन पहल गर्नु जरुरी छ ।

सबै सम्पदाहरू एउटा देशका मात्र हुँदैनन् । कुनै-कुनै एक देशभन्दा बढी देशभित्र रहेका सम्पदालाई पनि विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने चलन छ । ती एकभन्दा धेरै देशका विश्व सम्पदालाई सीमापार सम्पदा क्षेत्र भनिन्छ । यस्ता सीमापार सम्पदाको सूचीकृतको प्रयोग विश्वका धेरै ठाउँहरूमा भएका छन् ।

हाम्रै छिमेकी देशहरू भारत र बंगलादेशले सुन्दर वनलाई दुवैतर्फ विश्व सम्पदा सूचीमा सूचीकृत गराएका छन् । जंगल एउटै हो, त्यहाँको प्रकृति र वातावरण पनि एउटै हो । तर, राजनीतिक सीमाले सुन्दर वन दुई देशभित्र पर्दछ । प्राविधिक रूपमा यो दुई देशमा पर्ने युनेस्को हेरिटेज हो । तथापि, यसलाई सीमापार सम्पदा भने भनिएको छैन । तर, सीमापार सम्पदाकै स्वरुपमा छ ।

विश्वमा यस्ता सीमापार सम्पदा धेरै छन् । कुनैकुनै सम्पदाहरू त १० देशभित्र पर्ने र कुनै १८ देशका सम्पदालाई पनि एउटै नाम दिएर सूचीकृत गरिएको इतिहास छ । सुन्दर वनलाई बंगलादेशतर्फ 'द सुन्दर वन' र भारततर्फ सुन्दर वन राष्ट्रिय उद्यानका रूपमा युनेस्को हेरिटेजमा सूचीकृत गरिएको हो । यस्ता सीमापार सम्पदाहरूमा विश्वकै चर्चित भिक्टोरिया झरना हो । यो जाम्बिया र जिम्बाब्वेमा पर्दछ ।

अर्जेन्टिना र ब्राजिलमा पर्ने इग्वाजु राष्ट्रिय निकुञ्ज पनि सीमापार सम्पदा हो । द कार्पेथियन र युरोपका अन्य क्षेत्रहरूको प्राचीन् बिच प्रजातिको जंगल १८ वटा देशको साझा सम्पदा हो । प्रसिद्ध वास्तु डिजाइनर कोर्बुजियरले डिजाइन गरेको र सात देशका अलगअलग स्थानमा बनेका १७ वटा भवनको समूहलाई पनि विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ ।

यसरी हेर्दा कञ्चनजंघा क्षेत्रलाई पनि सीमापार सम्पदामा सूचीकृत गराउन सकिने देखिन्छ । एउटै भूगोललाई कतै विश्व सम्पदामा बनाउने कतै नबनाउने भन्दा दुई देशले नै विश्व सम्पदा बनाउन उपयुक्त हुन्छ । यसको पहल र प्रयास नेपालले गर्दा अझ उत्तम हुन सक्छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत गरेपछि त्यो क्षेत्रको प्राकृतिक सांस्कृतिक महत्त्व स्थापित हुन्छ । र, त्यसले अन्तर्राष्ट्रिय मान्यता पाउँछ । त्यसबाट पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्छ । यो कार्यले यो क्षेत्रलाई सम्पूर्ण मानव समाजको सम्पत्ति र सम्पदाको रूपमा दर्ज गर्न मद्दत गर्छ । यसले यो धरोहर आजको मात्र होइन, आगामी पुस्ताको सम्पत्तिका रूपमा जस्ताको त्यस्तै रहन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# बागमती किनारमा जोखिम बढ्यो



**टुडे समाचारदाता**

रौतहट । मनसुनजन्य वर्षा निरन्तर भइरहेका बेला बागमती नदीमा सम्भावित बाढी र कटानको जोखिमलाई मध्यनजर गर्दै उच्चस्तरीय सरकारी टोलीले रौतहट-सर्लाही सीमावर्ती क्षेत्रको स्थलगत निरीक्षण गरेको छ।

प्रतिनिधिसभा सदस्य राजेश चौधरी, संविधानसभा सदस्य बबन सिंह, रौतहटका सिडियो दिनेश सागर भुसाल, प्रहरी प्रमुख एसपी सिताराम रिजाल, नेपाली सेनाका कर्णेल विश्वास बिष्ट, विभिन्न सुरक्षा निकायका अधिकारी, नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष सञ्जय कार्की, स्थानीय जनप्रतिनिधि तथा सञ्चारकर्मीहरूको सहभागितामा गढीमाई नगरपालिकाको धर्मपुर पुलदेखि सर्लाहीको मैनाथपुर हुँदै सीमावर्ती क्षेत्रसम्म अनुगमन गरिएको हो।

टोलीले नदीको बहाव, तटबन्धको मजबुती, सम्भावित कटान क्षेत्र तथा बाढीको उच्च जोखिममा रहेका बस्तीहरूको अवस्था नजिकबाट अवलोकन गरेको थियो। निरीक्षणपछि सम्बन्धित निकायलाई सम्भावित विपद्को सामना गर्न आवश्यक जनशक्ति, उद्धार सामग्री र राहत व्यवस्थापनलाई पूर्वतयारी अवस्थामा राख्न निर्देशन दिइएको जनाइएको छ।

सिडियो भुसालले बाढीको जोखिमलाई हल्का रूपमा नलिन आग्रह गर्दै नदी आसपासका नागरिकलाई प्रशासनबाट जारी हुने आधिकारिक सूचना र चेतावनीको पालना गर्न अनुरोध गरेका छन्। कुनै पनि असामान्य अवस्था देखिए तत्काल स्थानीय प्रशासन वा सुरक्षा निकायलाई खबर गर्न पनि उनले आग्रह गरेका छन्।

बागमती नदी वर्षेनी रौतहट र सर्लाहीका हजारौं परिवारका लागि चिन्ताको विषय बन्ने गरेको छ। नदीमा पानीको सतह बढेसँगै डुबान र कटानको जोखिम बढ्ने भएकाले समयमै गरिएको यस्तो संयुक्त अनुगमनलाई विपद् व्यवस्थापनको महत्वपूर्ण तयारीका रूपमा हेरिएको छ। स्थानीय बासिन्दाले भने तटबन्धको प्रभावकारी संरक्षण, जोखिमयुक्त स्थानमा तत्काल मर्मत तथा पूर्वसूचना प्रणालीलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्।

# आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी बढाउने मधेशको योजना



जनकपुरधाम । कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो।

मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताउनुभयो।

"प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौं," उहाँले भन्नुभयो, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौं।"

उहाँका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ। कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उहाँले बताउनुभयो।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताउनुभयो। उहाँले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औंल्याउनुभयो।

राष्ट्रिय जिडिपीमा मधेश प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताउनुभयो।

"प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो," उहाँले भन्नुभयो, "उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेसको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ।"

नेपाल राष्ट्र बैंकले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु आठ खर्ब चार अर्ब रहने अनुमान छ। सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

प्रतिवेदनअनुसार मधेश प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ।

नेपाल राष्ट्र बैंकले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्कका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो। प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ। सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ। रासस

## वीरगञ्जमा विद्युत् आपूर्तिमा देखिएको समस्या समाधान



काठमाण्डु । वीरगञ्ज र आसपासका क्षेत्रमा विद्युत् आपूर्तिमा देखिएको समस्या समाधान भएको छ।

अत्यधिक गर्मीको समयमा नागरिकले भोग्नुपरेको समस्या समाधानका लागि नेपाल विद्युत् प्राधिकरणले आवश्यक पहल गरेको जनाएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले वीरगन्जमा देखिएको विद्युत् आपूर्तिको समस्या समाधान भएको जानकारी दिनुभएको छ।

"अत्यधिक गर्मीको समयमा नागरिकले भोग्नुपरेको असुविधाप्रति हामी संवेदनशील छौं। छपकैया क्षेत्रमा ३३ केभी भूमिगत केबलमा आएको प्राविधिक समस्याका कारण विद्युत् आपूर्ति अवरुद्ध भएको थियो", उहाँले भन्नुभयो। नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोलीहरू तत्काल परिचालन भई रात दिन खटिएर समस्या पहिचान तथा समाधान गर्न सफल भएका छन्।"

प्राधिकरणको मधेस प्रादेशिक कार्यालयले दीर्घकालीन रूपमा समस्या समाधानका लागि वैकल्पिक ३३ केभी ओभरहेड लाइन निर्माण गरी दुईवटा स्रोतबाट विद्युत् आपूर्ति हुने व्यवस्था गरिएको जनाएको छ। अत्यधिक गर्मीका कारण लाइन ट्रिप हुने तथा भोल्टेजमा समस्या आउँदा वीरगन्ज र आसपासको क्षेत्रमा विद्युत् अवरुद्ध हुँदै आएको थियो। रासस

## जोखिमको अवस्था हेरेर मात्रै सवारीसाधन चलाउन दिने

काठमाण्डु । सरकारले बाढी, पहिरो तथा डुबानजस्ता मनसुनजन्य विपद्को जोखिमलाई मध्यनजर गर्दै जोखिमको अवस्था मूल्यांकन गरेरमात्रै प्रभावित जिल्लामा सवारीसाधन चलाउन दिने भएको छ।

देशका २१ जिल्लामा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारीलाई तीव्र बनाएको हो। प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले सम्भावित पहिरो र बाढीको उच्च जोखिम रहेका सडकखण्डमा सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय नागरिकको सुरक्षालाई ध्यानमा



राखेर गरिएको बताउनुभयो।

"जोखिमको अवस्थालाई मध्यनजर गर्दै पहिरो जाने सम्भावना भएका जिल्लामा सवारीसाधन सञ्चालन नगर्न आग्रह गरेका थियौं", निमित्त कार्यकारी प्रमुख कोइरालाले भन्नुभयो, "आज पनि मौसम र सडकको वास्तविक अवस्था मूल्यांकन गरेरमात्रै सवारी सञ्चालन खुला गरिनेछ।"

निमित्त कार्यकारी प्रमुख कोइरालाका अनुसार सुरक्षा निकाय, स्थानीय प्रशासन र सडक विभागसँग निरन्तर समन्वय भइरहेको छ। जोखिम घटेको पुष्टि भएपछि मात्रै राजमार्ग तथा अन्य सडकमा सवारी सञ्चालन गर्न अनुमति दिइनेछ। प्राधिकरणले सर्वसाधारणलाई मौसम तथा सडकसम्बन्धी आधिकारिक सूचना पछ्याएरमात्रै यात्रा गर्न, जोखिमयुक्त सडकखण्डमा अनावश्यक आवागमन नगर्न तथा स्थानीय प्रशासन र सुरक्षा निकायको निर्देशन पालना गर्न आग्रह गरेको छ। रासस

# 'ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्छौं'

जनकपुरधाम । मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलले ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

मुक्त हरवा चरवा समुदायका लागि जलवायु न्याय र सामाजिक समावेशीकरण विषयक मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलनको आइतबार महोत्तरीको बर्दिवासमा उद्घाटन गर्दै मन्त्री पटेलले मधेशमा रहेका हरवा चरवाको समस्यालाई गम्भीर रूपमा लिइएको भन्दै र ऐन बनाएर छिट्टै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

हरवा चरवा समुदायको वास्तविक तथ्यांक संकलन, प्रमाणीकरण गरी जीविकोपार्जनका कार्यक्रमका लागि प्रदेश सरकारले नीति कार्यक्रममा हरवा चरवा समुदायलाई सम्बोधन गरेको उल्लेख गर्दै मन्त्री पटेलले हरवा चरवाको समस्या दिगो रूपमा समाधान गर्न छुट्टै ऐन निर्माण गरिने जनाउनुभयो। विगतमा प्रदेश



सरकारले हरवा चरवाको समस्या समाधान गर्न ऐन निर्माणको प्रक्रिया थालेपनि सरकार परिवर्तनका कारण रोकिएको बताउँदै उहाँले यथाशीघ्र ऐन बनाएर काम अघि बढाइने जानकारी दिनुभयो। हरवा चरवा दलित समुदाय सम्बृद्ध नभएसम्म मुलुक सम्बृद्ध हुन नसक्ने भएकाले दलित समुदायको जीवनस्तर सुधारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उहाँको भनाइ छ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य गणेश विश्वकर्माले हरवा चरवा मुक्त घोषणा भएको चार वर्ष बितिसक्दा हरवा चरवाको अवस्था र नियति नफेरिएकाले मधेस प्रदेश सरकारले ठोस नीति बनाएर उचित सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

मधेश प्रदेशमा ठूलो समस्याका रूपमा देखिएको हरवा चरवाको समस्यालाई प्रदेश सरकारले गम्भीरता पूर्वक लिएर वास्तविक तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र तथा जीविकोपनर्जनका कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिँदै उहाँले यस समुदायको समस्या समाधान गर्न प्रदेश सरकारले प्रदेशस्तरीय समिति तत्काल गठन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

राष्ट्रिय हरवा चरवा मञ्चका अध्यक्ष दशनलाल मण्डलले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यो समुदाय अझै पहिचान, भूमिअधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेको गुनासो गर्नुभयो। अधिकांश हरवा चरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको उल्लेख गर्दै उहाँले बसोबासको प्रमाण नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेको बताउनुभयो।

राष्ट्रिय दलित नेटवर्क नेपाल, सामुदायिक सुधार केन्द्र धनुषा, दलित जनकल्याण युवा क्लब सिराहा, जनचेतना दलित संगम सप्तरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्रलगायत संस्थाको संयुक्त आयोजनामा सुरु भएको कार्यक्रममा मधेस प्रदेशका आठ वटा जिल्लाका दलित हरवा चरवा समुदायका अगुवाहरुको सहभागिता रहेको द फ्रिडम फण्डका कानुन सल्लाहकार बलराम भट्टराईले जानकारी दिनुभयो। रासस

# घट्यो बजाजको ईएमआइः अब मासिककिस्ता-मूल्यझनै कम

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा बजाज मोटरसाइकलको आधिकारिक वितरक एचएच बजाजले ग्राहकलाई मोटरसाइकल खरिद अझ सहज र किफायती बनाउन हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (एचएफएल) सँगको सहकार्यमा नयाँफाइनान्सिङ सुविधा सार्वजनिक गरेको छ।

यस नयाँ योजना अन्तर्गत अब बजाज मोटरसाइकल खरिद गर्दा ३ वर्षको सट्टा अधिकतम ५ वर्ष (६० महिना) सम्मको ऋण सुविधा उपलब्ध हुनेछ। यस व्यवस्थासँगै मासिक किस्ता (इएमआई) उल्लेख्य रूपमा घट्ने भएकाले पहिलो पटक मोटरसाइकल खरिद गर्ने युवा, जागिरे, परिवार तथा मासिक बजेटलाई प्राथमिकता दिने ग्राहकहरूका लागि बजाजको स्वामित्व अझ सहज बन्ने कम्पनीले जनाएको छ।

यस योजनामा ऋणको अवधिमात्र बढाइएको छैन, ब्याजदर पनि ९.९९ प्रतिशतबाट घटाएर ८.९९ प्रतिशतकायम गरिएको छ। यसले ग्राहकको मासिकआर्थिक भार थपकम गर्न




सहयोग गर्ने विश्वास कम्पनीको छ।

यो सुविधा प्लाटिना १०० इएस देखि डोमिनार ४०० सम्मका सम्पूर्ण बजाज मोटरसाइकलमा लागू हुनेछ। नयाँ फाइनान्सिङ व्यवस्था अनुसार प्लाटिना १०० इएस मा मासिक किस्ता करिब रु. ३,२५५ बाट घटेर रु. २,१२४ पुगेको छ भने ग्राहकले हरेक महिना करिब रु. १,१३१ बचत गर्न सक्नेछन्। त्यस्तै, डोमिनार ४०० मा मासिक किस्ता करिब

रु. ८,२२७ बाट घटेर रु. ५,३७० मा झरेको छ, जसले मासिक करिब रु. २,८५७ सम्म बचत हुने कम्पनीले जनाएको छ।

यसैगरी, पल्सर १२५, पल्सर एन १२५, पल्सर १५०, पल्सर एन१५०, पल्सर एन १६०, पल्सर २२० एफ, पल्सर २०० एनएस, पल्सर एन २५० तथाएनएस ४०० जेड लगायत सम्पूर्ण मोडेलमा पनि मासिक किस्ता उल्लेख्य रूपमा घटाइएको छ, जसले ग्राहकलाई आफ्नो आवश्यकता र बजेट अनुसार मोटरसाइकल छनोट गर्न थप सहज बनाउने अपेक्षा गरिएको छ।

कम्पनीका अनुसार यो कुनै सीमित अवधिको छुट योजना नभइ ग्राहकको वास्तविक आवश्यकता बुझेर स्वामित्वलाई अझ पहुँच योग्य बनाउने उद्देश्यले ल्याइएको योजना हो। मोटरसाइकलको मूल्यभन्दा पनि मासिक किस्ता धेरैका लागि चुनौती बन्ने अवस्थालाई ध्यानमा राख्दै बजाजले ऋण अवधि विस्तार र ब्याजदर घटाउने निर्णय गरेको जनाएको छ।

# सर्लाहीमा ६० प्रतिशत धान रोपाई

**टुडे समाचारदाता**

मलंगवा । असार महिना सकिँदासम्म सर्लाहीमा धान ६० प्रतिशत जति धान रोपाइँ भएको छ। समयमा पर्याप्त वर्षा नहुँदा असारको तेश्रोसम्म रोपाई निकै गति सुस्तमा थियो। तर असार चौथो सातामा वर्षा हुन थालेपछि रोपाईले तीव्रता लिएको हो।

गत वर्ष यही अवधिसम्म जिल्लामा करिब ७० देखि ७५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो। यो वर्ष हालसम्म ६० प्रतिशत खेतमा मात्र रोपाइँ भएको छ।

कृषि ज्ञान केन्द्र सर्लाहीका अनुसार जिल्लामा कूल ४२ हजार ६९५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ। हालसम्म २५ हजार ६१९ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ सम्पन्न भएको छ, जुन कूल क्षेत्रफलको करिब ६० प्रतिशत हो।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेव कुशवाहाले सुरुवाती चरणमा पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भएको बताए। उनका अनुसार पछिल्ला दिनमा वर्षा भएपछि किसानहरू रोपाइँमा जुटेका छन्।

'हालसम्म करिब ६० प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ। गत वर्ष यही समयमा ७० देखि ७५ प्रतिशत रोपाइँ भइसकेको थियो,' उनले भने, 'सिँचाइ सुविधा भएका अधिकांश खेतमा रोपाइँ सकिएको छ। पछिल्ला दिनमा वर्षा भएकाले बाँकी खेतमा पनि रोपाइँले गति लिएको छ।बागमती सिँचाइ आयोजनाले समयमा पानी नछोडिँदा पनि रोपाइँ ढिलो हुन पुग्यो।'

ज्ञान केन्द्रका अनुसार सर्लाहीको लालबन्दी, ईश्वरपुर, चन्द्रनगर, हरिपुर, हरिपुर्वा, पर्सा, ब्रह्मपुरी, मलंगवा र कविलासी लगायतका पालिकामा धान खेती बढी हुने गरेको छ। दक्षिणी भेगका अधिकांश क्षेत्रमा भने उखु खेतीको बाहुल्यता रहेको छ। कतिपय किसानले बिउ उम्रिएर ठूलो हुन



लाग्दासमेत खेतमा पर्याप्त पानी नपाउँदा रोपाइँ गर्न सकेका थिएनन्। पछिल्ला दिनमा वर्षा भएपछि खेतमा चहलपहल बढेको छ भने किसानहरू रोपाइँ सक्ने चटारोमा देखिएका छन्।

किसानले मलखाद, सिँचाइ तथा मौसमको अनिश्चितताका कारण धान रोपाइँमा ढिलाइ भएको गुनासो गरेका छन्। कविलासी नगरपालिका-६ जमुनियाँका किसान रामदरेश रायले नियमित वर्षा नहुँदा रोपाइँ गर्न समस्या भएको बताए।

'धान रोप्ने बेला अत्यावश्यक पर्ने मलखादको समेत चरम अभाव छ। मल नपाउँदा किसानहरू रोप्ने कि नरोप्ने भन्ने अन्योलमा छन्,' उनले भने। किसानहरूका अनुसार बिउबिजन, मजदुरी र खेतीपातीमा ठूलो लगानी गरे पनि समयमा मलखाद नपाउँदा उत्पादन प्रभावित हुने चिन्ता बढेको छ।

केही किसानले महँगो मूल्य तिरेर गुणस्तरहीन मलखाद प्रयोग गर्न बाध्य भएको बताइएको छ।

नेपालमा पर्याप्त मल उपलब्ध नभएपछि सीमावर्ती क्षेत्रमा भारतबाट भित्रिने अनधिकृत तथा गुणस्तर नखुलेका मलखाद कालोबजारीमार्फत खरिद गर्नुपरेको अवस्था छ। किसानहरूले यस्ता मलखादको एक बोरा किन्न ३ हजार २०० रुपैयाँसम्म तिर्नुपरेको गुनासो गरेका छन्।

# नेपाल बालसंगठनको अवस्था दयनीय

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल बाल संगठनमा रहेका बालबालिकाको दयनीय अवस्थाबारे प्राप्त उजुरी र भिडिओ सामग्रीका आधारमा अनुगमन गरी पहिलो चरणमा २० जना बालबालिकाको उद्धार गरिएको छ।




महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार बाल हेल्पलाइन (१०४) र मन्त्रालयको संयुक्त टोलीले बालगृहमा स्थलगत अनुगमन गरेको थियो। अनुगमनका क्रममा बालगृहको सरसफाइ अत्यन्त कमजोर रहेको, शौचालय तथा बाथरुम अस्वच्छ र चिप्लो अवस्थामा रहेको, भवनभित्र पानी जमेको तथा विभिन्न उमेर समूहका बालबालिकालाई एउटै स्थानमा राखिएको पाइएको छ।

मन्त्रालयले नेपाल बाल संगठनको भौतिक अवस्था सुधार, सरसफाइ व्यवस्थापन तथा बालबालिकाको बसोबास व्यवस्थित बनाउन पटक-पटक निर्देशन दिँदै आएको जनाएको छ । तर, निर्देशन र आग्रहका बाबजुद अपेक्षित सुधार नभएपछि मन्त्रालयले स्थलगत अनुगमन गरी तत्काल उद्धार प्रक्रिया अघि बढाएको जनाएको हो।

मन्त्रालयका अनुसार पछिल्लो समय स्थानीय सरोकारवाला, विभिन्न व्यक्ति तथा बालगृहका केही कर्मचारीबाट त्यहाँको अवस्थासम्बन्धी भिडिओहरू मन्त्रालयमा प्राप्त भएका थिए। ती भिडिओमा भवनभित्र पानी जमेको, सरसफाइको अवस्था अत्यन्त दयनीय रहेको तथा महामारी फैलिन सक्ने जोखिम देखिएको थियो। केही कर्मचारीले सामाजिक सञ्जालमार्फत पनि बालगृहको वास्तविक अवस्था सार्वजनिक गरेका थिए।

उक्त उजुरी र भिडिओ सामग्रीका आधारमा मन्त्रालयले बाल हेल्पलाइन (१०४) को समन्वयमा पहिलो चरणमा दुई वर्षभन्दा कम उमेरका २० जना बालबालिकालाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको हो । उद्धार गरिएका बालबालिकामध्ये १२ जना बालक र ८ जना बालिका रहेका छन्।

उनीहरूको संरक्षण, स्वास्थ्य परीक्षण, आवश्यक हेरचाह तथा पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले घटनासम्बन्धी आवश्यक कागजी प्रक्रिया तथा कानुनी कार्य अघि बढाइसकेको जनाएको छ।

**बाल सुधारगृह व्यवस्थित बनाउन निर्देशन**

यसैबीच प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिले देशभरका बाल सुधार गृहहरूको अवस्थालाई थप व्यवस्थित र बालमैत्री बनाउन सरकारलाई चार बुँदे निर्देशन दिएको छ।

आइतबार सिंहदरबारमा बसेको समितिको बैठकले 'बाल सुधार गृहमा रहेका बालबालिकाको मानव अधिकारको अवस्था' सम्बन्धी उपसमितिको प्रतिवेदनमाथि छलफल गर्दै सुधारका लागि तत्काल कार्य अघि बढाउन मन्त्रालयहरूलाई निर्देशन दिएको हो।

समितिले विशेष गरी रुपन्देहीस्थित बाल सुधार गृहको भौतिक अवस्था दयनीय र साँघुरो रहेको ठहर गर्दै यसलाई तत्काल जिल्ला समन्वय समितिको नवनिर्मित भवनमा स्थानान्तरण गर्न भनेको छ।

यसका लागि गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच आवश्यक समन्वय गरी शीघ्र कार्य सम्पादन गर्न निर्देशन दिइएको छ । देशभरका सुधार गृहमा बढ्दो चापलाई मध्यनजर गर्दै भौतिक पूर्वाधारको क्षमता अभिवृद्धि र वैकल्पिक प्रबन्ध मिलाउन पनि समितिले सरोकारवाला निकायलाई सचेत गराएको छ।

त्यसैगरी, सुधार गृहमा आश्रित बालबालिकाहरूले हाल कैदीबन्दी सरह पाउँदै आएको दैनिक 'सिधा' र भत्ता उनीहरूको उमेर तथा शारीरिक आवश्यकताका लागि अत्यन्त न्यून रहेको निष्कर्ष निकाल्दै यसमा तत्काल सुधार गर्न समितिले सरकारलाई आग्रह गरेको छ।

बालबालिकाको स्वास्थ्य, पोषण र खाद्य व्यवस्थापनमा संवेदनशील हुन निर्देशन दिँदै समितिले यसका लागि आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजान महिला र गृह मन्त्रालयलाई ताकेता पनि गरेको छ।

समितिकी सभापति समीक्षा बास्कोटाले प्राप्त रचनात्मक सुझावहरूलाई समेटेर प्रतिवेदनलाई थप नतिजामुखी बनाइने र नियमित रूपमा कार्यान्वयनको अवस्था अनुगमन गरिने जनाएकी छिन्।

# कारागार कुटपिट घटनाबारे छानबीन समिति गठन

कारागार प्रमुख रूपक मण्डलका अनुसार समितिलाई घटनाको वास्तविक अवस्था अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ । सो समितिलाई ७ दिनभित्र प्रतिवेदन तयार पार्न समयावधि दिइएको छ ।

**टुडे समाचारदाता**

राजविराज । सप्तरी कारागारमा चौकीदारमाथि भएको कुटपिट घटनाको सत्यतथ्य छानबिन गर्न पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ। घटनामा संलग्न कैदीबन्दीलाई कारबाही गरी अन्यत्र सरुवा गर्नुपर्ने माग राख्दै ए-ब्लकका २०१ जना कैदीबन्दी दुई दिनदेखि आमरण अनशनमा बसेका छन्।




घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग कार्यालय सप्तरीका अधिकृतस्तरका प्रतिनिधि सदस्य रहेका छन् भने जिल्ला प्रशासन कार्यालय सप्तरीका अधिकृत सदस्य-सचिव रहेका छन्।

कारागार प्रमुख रूपक मण्डलका अनुसार समितिलाई घटनाको वास्तविक अवस्था अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ । सो समितिलाई ७ दिनभित्र प्रतिवेदन तयार पार्न समयावधि दिइएको छ।

कारागार प्रमुख मण्डलका अनुसार गत असार ३२ गते बी-ब्लकका ३८ वर्षीय चौकीदार रामरिझन यादवमाथि केही कैदीबन्दीले कुटपिट गरेका थिए। कुटपिटबाट यादवको आँखामाथिको भागमा गहिरो चोट लागेको र चार वटा टाँका लगाइएको छ।

उनको टाउको तथा शरीरका अन्य भागमा समेत चोट लागेको बताइएको छ। घाइते यादवलाई तत्काल राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार गराई कारागार ल्याइएको थियो। आइतबार बिहान स्वास्थ्यमा पुनः समस्या देखिएपछि अस्पतालमा परीक्षण गराइएको र चिकित्सकले आराम गर्न सुझाव दिएको कारागार प्रशासनले जनाएको छ।

उपचारका क्रममा यादवले लागूऔषध मुद्दाका केही कैदीबन्दीले आफूलाई सामूहिक रूपमा कुटपिट गरेको आरोप लगाएका छन्। उनका अनुसार जाहुर नट मियाँ (मजलुम), अनिशकुमार मण्डल, सुन्दर मुखिया, बुधन भन्ने जोगानन्द मण्डल, मिथिलेशकुमार यादव, कैलास विश्वास र अमरनाथ विश्वासलगायतले कुटपिट गरेका थिए।

कारागार प्रमुख मण्डलले कारागारभित्र विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी भइरहेका बेला उक्त कार्य रोक्ने उद्देश्यले चौकीदारमाथि आक्रमण भएको दाबी गरेका छन्। चौकीदारको नियुक्ति, आर्थिक लेनदेन वा व्यक्तिगत विवादसँग घटनाको सम्बन्ध नरहेको उनको भनाई छ।

यसैबीच प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले कारागारभित्र ए-ब्लक र बी-ब्लकका कैदीबन्दीबिच विवाद रहेको बताएका छन् । उनले भने दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गर्दै आएका छन्। घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिसकिएको हो, छानबीनपछि सत्यथ्य बाहिर आउने हो।

१ सय २५ जनाको क्षमता रहेको कारागार कार्यालय सप्तरीमा हाल ३ सय ९८ जना कैदीबन्दी रहेका छन् । कारागार प्रशासनका अनुसार ए-ब्लकमा २०१, बी-ब्लकमा १६६ तथा सी-ब्लकमा तीन आश्रित बालबालिकासहित ३१ जना महिला कैदीबन्दी रहेका छन्।

शनिवार बिहान सो घटनालाई लिएर पाँच जना कैदीबन्दीले कारागारको मुख्य प्रवेशद्वार तथा आफ्नै शरीरमा मट्टितेल खन्याएर आत्मदाहको प्रयास गरेका थिए । आत्मदाहको प्रयास गर्नेहरूमा बुधन मण्डल, अमरनाथ विश्वास, अनिशकुमार मण्डल, मिथिलेश यादव र सुन्दर मुखिया थिए।

कारागार भित्र शंकास्पद वस्तु लुकाइराखिएको हुन सक्ने आशंकामा विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी गरिएको थियो। सोही क्रममा असार ३२ गते लागूऔषध मुद्दाका कैदी बुधन मण्डललाई बी-ब्लकबाट ए-ब्लकमा सार्ने क्रममा बी-ब्लकका केही कैदीबन्दीले चौकीदार रामरिझन यादवमाथि कुटपिट गरेको थियो।

बी-ब्लकका चौकीदार रामरिझन यादव नियुक्त भएपछि व्यवस्थापन तथा कैदीबन्दीप्रति असमान व्यवहार भएको आरोप लगाउँदै कैदीबन्दीबिच असन्तुष्टि र गुटबन्दी बढ्दै गएका कारण उक्त घटना भएको आरोप लागिरहेको छ।

## वीरगञ्ज भन्सारको २ खर्ब ४३ करोड राजश्व संकलन




**टुडे समाचारदाता**

वीरगञ्ज। गत आर्थिक वर्ष २०८२-८३ मा वीरगंज भन्सार कार्यालयले दुई खर्ब ४३ अर्ब ८२ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ। कार्यालयले गत आर्थिक वर्षमा वार्षिक लक्ष्यको ८९ दशमलव १९ प्रतिशत राजस्व सङ्कलन गरेको सूचना अधिकारी उदयसिंह विष्टले जनाएको छ।

कार्यालयका लागि गत आर्थिक वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३७ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। भन्सार विभागले गत आर्थिक वर्षभरिमा देशभरका सबै भन्सार कार्यालयबाट पाँच खर्ब ८८ अर्ब २५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। विभागको कुल वार्षिक लक्ष्यमा वीरगंज कार्यालयको योगदान ४१ दशमलव ४५ प्रतिशत रहेको छ।

कार्यालयले चालु आवको साउनमा १८ अर्ब ४४ करोड रुपैयाँ, भदौमा २० अर्ब ७४ करोड रुपैयाँ, असोजमा १९ अर्ब नौ करोड रुपैयाँ कात्तिकमा १७ अर्ब ३३ करोड रुपैयाँ, मङ्सिरमा २० अर्ब ८० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।

साथै पुसमा २० अर्ब २० करोड रुपैयाँ, माघमा १८ अर्ब ९२ करोड रुपैयाँ, फागुनमा १९ अर्ब ३४ करोड रुपैयाँ, चैतमा २२ अर्ब ८२ करोड रुपैयाँ, वैशाखमा २१ अर्ब ७४ करोड रुपैयाँ, जेठमा २२ अर्ब ३२ करोड रुपैयाँ र असारमा २२ अर्ब चार करोड रुपैयाँ राजस्व संकलन गरेको जनाइएको छ।

# ५ करोडभन्दा बढीको तस्करीका सामान बरामद

**टुडे समाचारदाता**

रौतहट । सीमावर्ती जिल्ला रौतहटले एक वर्षको अवधिमा प्रहरीले बिभिन्न मुद्दामा फैसला कार्यान्वयन गर्न ६९४ जनालाई पक्राउ, ४४८ फरार प्रतिवादीलाई कानुनी दायरामा ल्याउनुका साथै ५ करोड ९२ लाख रुपैयाँभन्दा बढी मूल्यका भन्सार छलीका सामान बरामद गरेको छ।

आइतबार जिल्ला प्रहरी कार्यालय गौरमा आयोजित पत्रकार सम्मेलनमा वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै एसपी सीताराम रिजाल ले वर्षभरि १ हजार १५२ वटा मुद्दा दर्ता भएको जानकारी दिएका छन्।

तीमध्ये ६८० मुद्दा फछ्र्योट भइसकेका छन् भने ४७२ मुद्दा अनुसन्धानकै क्रममा छन् । यस्तै, दर्ता भएका ४ हजार ८५० ठाडा उजुरीमध्ये ४ हजार ३८० फछ्र्योट भइसकेका छन् भने ४७० उजुरी प्रक्रियामा रहेका छन्।

लागुऔषधविरुद्धको अभियानमा प्रहरीले ३९ वटा मुद्दा दर्ता गरी ५१ जनालाई पक्राउ गरेको छ। यस अवधिमा ८४७ किलो ७२० ग्राम गाँजा, २५ ग्राम ५१० मिलिग्राम ब्राउन सुगर, ४ हजार २६५ नशालु एम्पुल तथा १३ हजार ९१६ वटा लागुऔषधजन्य ट्याब्लेट बरामद गरिएको एसपी रिजालले जानकारी दिएका छन्।

अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत पक्राउ परेका ४४८ फरार प्रतिवादीबाट ७६ वर्ष ११ महिना ११ दिन कैद सजाय कार्यान्वयन गरिएको छ भने ६९ लाख ७१ हजार ८७४ रुपैयाँ जरिवाना समेत असुल गरिएको प्रहरीले जनाएको छ।



अवैध हातहतियार नियन्त्रण अभियानमा ६ थान हतियार र १९ राउण्ड गोली बरामद गरिएको छ भने ३ जना पक्राउ परेका छन्। यस्तै, नक्कली मुद्रासम्बन्धी ३ वटा मुद्दामा ७ जनाविरुद्ध कारबाही अघि बढाइएको छ। सो क्रममा १ लाख ३६ हजार रुपैयाँ बराबरका नक्कली नोट समेत बरामद गरिएको प्रहरीले जनाएको छ।

ट्राफिक व्यवस्थापनतर्फ आर्थिक वर्षभरि १ हजार ८८ वटा सवारी दुर्घटना हुँदा ५३ जनाको मृत्यु तथा १ हजार ६९६ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लंघन गर्ने १० हजार २५५ सवारी साधनलाई कारबाही गर्दा १ करोड १ लाख ३७ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

भन्सार छली नियन्त्रण अभियानमा प्रहरीले १८ जनालाई पक्राउ गरी १५५ वटा सवारी साधन नियन्त्रणमा लिएको छ। यस क्रममा ५ करोड ९२ लाख ५५ हजार ७२१ रुपैयाँ बराबरका राजस्व छलीका सामान भन्सार कार्यालयमा दाखिला गरिएको एसपी रिजालले बताए। उनका अनुसार यो उपलब्धि अघिल्लो आर्थिक वर्षको तुलनामा ५.२४ प्रतिशतले बढी हो।

यसैगरी, स्रोत नखुलेको १३ लाख ६२ हजार २०० रुपैयाँसहित ४ जना पक्राउ परेका छन्। वन संरक्षण अभियानअन्तर्गत २२२ क्युबिक फिट सालको काठ बरामद गरी ५ लाख ९५ हजार २२५ रुपैयाँ राजस्व संकलन गरिएको छ भने २ जना पक्राउ परेका छन्।

नदीजन्य पदार्थको अवैध उत्खनन नियन्त्रण अभियानमा ३० वटा सवारी साधन र ३ जनालाई नियन्त्रणमा लिई २ लाख ५७ हजार ३०० रुपैयाँ राजस्व संकलन गरिएको छ । घरेलु मदिरा उत्पादनविरुद्ध सञ्चालन गरिएको अभियानमा ५ वटा अवैध मदिरा भट्टी नष्ट, १ हजार ५४५ लिटर मदिरा, २ हजार लिटर कच्चा पदार्थ, एक सवारी साधन तथा मदिरा उत्पादनमा प्रयोग हुने विभिन्न सामग्री नष्ट गरिएको प्रहरीले जनाएको छ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत वर्षभरि १५४ कार्यक्रम सञ्चालन गरिएको थियो। साथै, एक वर्षको अवधिमा १ लाख ३३ हजार ७६४ सेवाग्राहीले जिल्ला प्रहरी कार्यालय रौतहटबाट विभिन्न प्रहरी सेवा प्राप्त गरेका छन्।

# सामाजिक सुरक्षा भत्ता असोज भित्र नवीकरण गर्नुपर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। वृद्ध भत्तासहित सामाजिक सुरक्षा भत्ताका लागि असोजभित्र परिचयपत्र नवीकरण गर्नुपर्ने समय दिइएको छ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले एक सूचना निकालेर सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नवीकरण भनेको छ।

जसमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरूको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु-गराउनुपर्ने उल्लेख छ।

नवीकरणका लागि लाभग्राहीहरूले आ-आफ्नो वडा कार्यालयमा स्वयं उपस्थित भई जैविक पहिचानका आधारमा नवीकरण गराउनसक्ने भनिएको छ। अस्थायी बसोबास रहेको भए बसोबास रहेकै वडा कार्यालयबाट समेत नवीकरण गराउन सकिने सूचनामा उल्लेख छ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान मार्फत गर्नु गराउनुपर्ने व्यवस्था छ। तर, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०८२ को दफा ५ बमोजिम १६ वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई लाभग्राहीमा सूचीकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने समय असोज मसान्त सम्म रहेको भन्दै मन्त्रालयले वडा कार्यालयमा भिडभाड कम गरी नवीकरण कार्य व्यवस्थित गर्न पनि भनेको छ।

## रेलवे हल्ट नजिक शव

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको जनकपुरधामउपमहानगरपालिका-१७ कनकपट्टिस्थित रेलवे हल्ट नजिक एक अज्ञात पुरुषको शव फेला परेको छ।

स्थानीयवासीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरीका अनुसार कनकपट्टि रेल्वे हल्टको उत्तर-पूर्वतर्फ एक पुरुष मृत अवस्थामा फेला परेका हुन्। घटनास्थलको मुचुल्का तयार गरी शवलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

हालसम्म मृतकको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। शवको पहिचान खुलाउने तथा मृत्युको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।







**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकत्तम बिक्री मुल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरिका र प्रयोग गर्नु पुर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं,**
**भुक्तानी गरेको मुल्य बराबरको बिल लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८